राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम

<u>विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण</u>

विधेयकको नामः प्रतिनिधि सभा सदस्य निर्वाचन(पहिलो संशोधन) विधेयक,२०८३

दर्ता गर्ने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार)

| दर्ता. नं. | संशोधन प्रस्तावकर्ता | दर्ता. नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| १ | मा. सुरेश कुमार आले मगर, जयन्ती देवी राई, श्रीकृष्ण प्रसाद अधिकारी, राजेन्द्रलक्ष्मी गैरे, रेनु चन्द | २ | मा. पदम बहादुर परियार, वासुदेव घिमिरे, विष्णु कुमारी सापकोटा, धर्मेन्द्र पासवान |
| ३ | मा. खम्म बहादुर खाती, पदम बहादुर परियार, धर्मेन्द्र पासवान | | |

२) संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क्र सं | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. सुरेश कुमार आले मगर लगायतका माननीय सदस्यहरू | २ | | | | अनुसूची १ पछि निम्न प्रावधान थप गर्नु पर्नेः-<br>*<u>द्रष्टव्य</u>:- यस अनुसूची बमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ। |

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २. | मा. पदम बहादुर परियार लगायतका माननीय सदस्यहरू | अनुसूची १ | | | | • उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधारको तालिका पछि निम्नानुसारको स्पष्टीकरण थप गर्ने ।<br>*स्पष्टीकरणः- यस अनुसूची बमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने सुनिश्चित गर्नुपर्नेछ।<br>• क्रम सङ्ख्या १ को दलित शब्दपछि तराई दलित शब्द थप गर्ने । |
| ३. | मा. खम्म बहादुर खाती लगायतका माननीय सदस्यहरु | २ | | | | अनुसूची १ (दफा २८ को उपदफा ५ पछि उपदफा ६ उल्लेख हुनुपर्ने ।<br>उम्मेदवारको बन्दसूचीको लागि समावेशीको आधारमा उल्लेख भएको क्रम सङ्ख्या ६ पछि प्रतिनिधित्व हुने समूहमा क्रम सङ्ख्या ७ मा पिछडिएको क्षेत्र तथा क्रम सङ्ख्या ८ मा अपाङ्गता भएको व्यक्ति समेत समावेश हुनुपर्ने ।<br>(नेपालको संविधानको धारा ८४ को उपधारा (२) र (३) मा भएको व्यवस्था, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (५) र (६) तथा दफा ६० को उपदफा (६) मा भएको व्यवस्था अनुसार अनुसूचीमा स्पष्ट व्यवस्था नगरिएको हुँदा हालको संशोधनमा समावेश गरिनु पर्ने) |

**क्र.सं. १ देखि ३ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।**

मितिः २०८३।०२।१७

.....

**(नारायण प्रसाद दाहाल)**

अध्यक्ष, राष्ट्रिय सभा